बैठक सङ्ख्या - ८

आज मिति २०८१ साल फाल्गुण ५ गते यस साकेला गाउँ-पालिका अध्यक्ष श्री रवि प्रकाश राईको अध्यक्षतामा साकेला गाउँ कार्यपालिकाको कार्यालयमा आठौं कार्यपालिका बैठक बसी तपशिल बमोजिमको प्रस्ताव/कार्यसूची उपर छलफल गरी निर्णय पारित गरियो।

तपशिलः-

१, गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई
२, गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई
३, १ नम्बर वडा अध्यक्ष श्री हेमन्त राई
४, २ नम्बर वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई
५, ३ नम्बर वडा अध्यक्ष श्री गोविन्द तामाङ
६, ४ नम्बर वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल - अनुपस्थित
७, ५ नम्बर वडा अध्यक्ष श्री जीवन खत्री
८, कार्यपालिका सदस्य श्री मन कुमारी राई
९, —"— —"— श्री सुजता वि.क.
१०, —"— —"— श्री भगवती वि.क.
११ —"— —"— श्री सर्मिला कट्टेल
१२. —"— —"— श्री दिपक सुनार
१३, —"— —"— श्री नरबहादुर दर्जी
१४, सदस्य सचिव नि.प्र.प्र.अ. श्री दुर्गाबहादुर राई

आमन्त्रित सदस्यहरु:-

१. MIS operator श्री डिल्लीमान राई
२. लेखापाल श्री उत्तम आचार्य
३.

सहयोगी कर्मचारी

१. कार्यालय सहयोगी श्री ~~मन कुमारी सुनार~~ राजन खड्का

प्रस्ताव तथा कार्यसूचीहरु:-

१. गाउँपालिकाको शिक्षा ऐन, २०६६ सम्बन्धमा
२. आगामी आ.व.को लागि समपूरक र विशेष अनुदान योजना छनौट सम्बन्धमा।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम बाँडफाँड सम्बन्धमा /

४. विविध सम्बन्धमा /

(क) दोस्रो त्रैमासिक सम्मको खर्च अनुमोदन सम्बन्धमा /

(ख) प्रारम्भिक वातावरणीय परीक्षणको रकम सम्बन्धमा /

निर्णयहरु :-

प्रस्ताव नम्बर १ माथी छलफल गर्दा साकेला गाउँपालिकाको शिक्षा ऐन, २०७६ को परिच्छेद १२ को नियम ६१ को ~~उप~~दफा १४ को उपदफा (ड) मा माध्यमिक तहको गणित, विज्ञान र अंग्रेजी विषयको रिक्त पदमा करार सेवामा पदपुर्ती गर्नका लागि विज्ञापन आह्वान गरेको तीन पटक सम्म अध्ययन अनुमती-पत्र भएका इच्छुक उम्मेदवारहरुले आवेदन पेश नगरेमा पुन: सोही पदको चौथो पटक विज्ञापन प्रकाशन गर्दा अध्ययन अनुमती प्राप्त पत्र प्रमाणपत्र आवश्यक नपर्ने गरी उल्लेखित ऐनको उपदफा (ड) मा समावेश गर्ने निर्णय गरियो /

प्रस्ताव नम्बर २ माथी छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२/०८३ मा यस साकेला गाउँपालिका भित्र सञ्चालन गर्नु पर्ने तपशिल बमोजिमको योजना तथा आयोजनाहरु संघीय समपूरक र संघीय विशेष अनुदानका लागि योजना प्राथमिकीकरण गरी पेश गर्ने निर्णय गरियो /

तपशिल :-

(क) संघीय समपूरक योजना अन्तर्गत माग गर्ने आयोजनाहरु -

- वांक्षेख्यानडाँडा - रत्नह्वा - मानेभञ्ज्याङ - काल्चेतखोला सडक स्तरोन्नती
- साकेला मानेभञ्ज्याङ पार्क र बजार व्यवस्थापन आयोजना
- लकुहिते फोहोरको दिगो व्यवस्थापन कार्यक्रम

(ख) विशेष अनुदान अन्तर्गत माग गरिने आयोजनाहरु :-

- शिक्षा - डिजिटल शैक्षिक प्रणाली
- स्वास्थ्य - प्रसुति गृह सुदृढिकरण
- विपद् - विपद्बाट क्षतिग्रस्त सालमे विद्यालय भवन पुन निर्माण आयोजना /

प्रस्ताव नम्बर ३ माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ मा यस साकेला गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम वापत प्राप्त रकम मध्ये तपशिल बमोजिम सिमा तथा आदेशमा रही पाँच वटा वडाहरुमा विनियोजन गर्ने निर्णय गरियो।

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मानेभञ्ज्याङ
कार्यालय कोड ८०१०१०८१०

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २०८१/८२ मा प्रास कुल रकमको वडागत बजेट बाँडफाँड गर्ने आधार

| वडा नं. | वडागत जनसंख्या | वडागत क्षेत्रफल | वडा वाइज जनघनत्व | भूगोल (४७%) | जनसंख्या (४३%) | भौगोलिक विकटता (१०%) | जम्मा | पाउँने बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | २५९९ | २६.७६ | १७१.५५ | १५.७२ | ५.३ | २.५ | २३.५२ | ७४७९३६.०० |
| २ | १९६८ | १५.१५ | ८९.७० | ८.९ | ८.०८ | २ | १८.९८ | ६०३५६४.०० |
| ३ | १७६२ | २१.९४ | १८८.२५ | १२.८९ | ४.६४ | २.३ | १९.८३ | ६३०५९४.०० |
| ४ | १८५० | ९.३६ | २७२.४६ | ५.५ | ११.६७ | १.७ | १८.८७ | ६०००६६.०० |
| ५ | १४४४ | ६.७९ | ७२१.९६ | ३.९९ | १३.३१ | १.५ | १८.८० | ५९७८४०.०० |
| जम्मा | ९६२३ | ८०.०० | २८८.७८ | ४७ | ४३ | १० | १००.०० | ३१८००००.०० |

| | |
|---|---|
| बाँडफाँड हुने कुल बजेट रकम | ४४८०००० |
| पालिकास्तरीय योजनाका लागि विनियोजन | १३००००० |
| सुत्रअनुसार वडागत रुपमा हुने बाँडफाँड | ३१८०००० |

प्रस्ताव नम्बर ४ को विविधको (क) माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को दोस्रो त्रैमासिक सम्म भएको खर्चविवरण तपशिल बमोजिम शीर्षक अनुसार भएको अनुमोदन गरियो।

स्थानीय सरकार

साकेला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मानेभञ्ज्याङ, खोटाङ

आ.व. २०८१/८२ को दोश्रो त्रैमासिक अवधिसम्मको आय तथा व्ययको विवरण

| सि.नं. | अनुदानको प्रकार | प्राप्त हुने तह | वार्षिक विनियोजित बजेट | दोश्रो त्रैमासिकसम्म प्राप्त रकम | दोश्रो त्रैमासिक अवधिसम्म खर्च भएको रकम |
|---|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | संघ | ६९३००००० | ३४६५०००० | १८४९०४८०.०० |
| २ | समानीकरण अनुदान | प्रदेश | ३९५९००० | १९७९५०० | ५००००.०० |
| ३ | सशर्त अनुदान चालु | संघ | १३६०९६००० | ६०९०८२५० | ५४१०११०४.४० |
| ४ | सशर्त अनुदान चालु | प्रदेश | २६९६००० | १३४८००० | २५००००.०० |
| ५ | सशर्त अनुदान पुँजिगत | संघ | ८२१२००० | २८८४००० | ४२०९०.०० |
| ६ | सशर्त अनुदान पुँजिगत | प्रदेश | ६९८६००० | ३४९३००० | २३१०००.०० |
| ७ | समपूरक अनुदान (पुँजिगत) | संघ | ६०००००० | १५००००० | ०.०० |
| ८ | समपूरक अनुदान (पुँजिगत) | प्रदेश | १००००००० | २५००००० | ०.०० |
| ९ | संघीय सरकार राजश्व बाँडफाँड | संघ | ६३८००००० | २५२५३३०९.६२ | १९२०२७८५.२८ |
| १० | प्रदेश सरकार सवारी कर | प्रदेश | २६५१०००.०० | १२९०८८६.८२ | ५७०००.०० |
| ११ | आन्तरिक श्रोत (गत आ.व. को बैंक मौज्दात समेत) | स्थानीय | २९८६८९७८.२८ | २७३६८१७८.२९ | ११२४९०६०.८५ |
| | जम्मा :- | | ३३९५६८९७८.२८ | १६३१७५१२४.७३ | १०३६७३५२०.५३ |

प्रस्ताव नम्बर ४ को (ख) माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट, नीति तथा कार्यक्रममा विनियोजित वाताबरणीय प्रभाव मूल्याङ्कन बापत विनियोजित रकम रु १० (दश) लाख रुपैंयाबाट शीर्षक संशोधन गरी साकेला गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन कार्य गर्नका लागी रु ३ लाख (तीन लाख) विनियोजन गर्ने निर्णय गरियो।

प्रस्ताव नम्बर ४ को (ग) माथी छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ को वडा नम्बर १ लाई प्राप्त वडा सिलिङ मार्फत राधाकृष्ण माध्यमिक विद्यालयको शौचालय पर्खाल निर्माण योजनाको विनियोजित रु.१ लाख (एकलाख) रुपैंया राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन शीर्षकमा शीर्षक संशोधन गरी रकमान्तर गर्ने निर्णय गर्दै निर्णय गर्नुपर्ने थप अन्य विषय केही नभएकाले अध्यक्ष श्री रविप्रकाश राईज्यूबाट आजको बैठक यहीँ समापन गर्ने निर्णय गरियो।